# नेपाल सरकार
## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## महालक्ष्मी नगरपालिका कार्यालय
# ललितपुरको
# होडिङ्ग बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड, स्टल, भित्ते लेखन, ब्यानर आदी मा बिज्ञापन कर असुल गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आब्हानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७३/०८/०२**

**स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४३ वमोजिम होडिङ्ग बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड, स्टल, भित्ते लेखन, ब्यानर आदी को आ.व.०७३/७४ को को बाँकी अवधीका लागि बिज्ञापन कर उठाउनका लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी ईच्छुक ब्यक्ति फर्म वा कम्पनीहरुले तोकिएको अवधि रितपूर्वकको बोलपत्र पश गर्नहुन यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ ।**

***शर्त तथा बन्देजहरु***

होडिङ्ग बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड, स्टल, भित्ते लेखन, ब्यानर आदीको बोलपत्र टेन्डर फारम रु ३०० {अक्षरुपी तीन सय मात्र} पछि फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुरवाट कार्यालय समयभित्र खरीद गर्न सकिनेछ ।

१. धरौटी वापत नगरपालिकाको कार्यालय, ललितपुरको नेपाल बैक लिमिटेड गावहालमा रहेको स.का ग/३/०१८०३००००००००३०००००७ धरौटी खातामा कबोल अंकको ३ ले हुने रकम नगद दाखिला गरी हुने रकम दाखिला गरी भौचर सक्कल प्रति वा ७५ दिनको म्याद भएको सिलबन्दी दरभाउपत्रको लागि बैक जमानी पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ । गैह नेपाली नागरीकको हकमा १० धरौटी राख्नु पर्नेछ ।

२. सिलबन्दी बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको ठिक १२ वजे सम्म नगरपालिकाको कार्यालय, ललितपुरमा दर्ता गर्न सकिनेछ ।

३. खरीद भएका सिलबन्दी बोलपत्रहरुको प्रत्येक पानामा सही, छाप र सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखी शर्त नं २ मा उल्लेखित तोकिएको समयभित्र खामबन्दी गरी यस कार्यालयमा सिलशन्दी बोलपत्र पेश गर्न सकिनेछ । दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु सोही दिनको २ वजे यस कार्यालयमा सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन् ।

४. सिलबन्दी बोलपत्र खरीद, दाखिला तथा खोल्ने दिन बिदा परेमा सोको भोलीपल्ट कार्यालयमा समयमा हुनेछ ।

५. सिलबन्दी बोलपत्र खरीद गर्दाको बखत नेपाली नागरीकताको प्रमाण पत्र, पान नं दर्ता पत्र र नविकरण सहितको व्यवसायिक प्रमाण पत्र तथा आ.व.०७१/७२ को आयकर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

६. कुल कबोल अंकलाई २ किस्तामा कायम गरिनेछ । प्रत्येक तीन तीन महिनामा किस्ता रकम अग्रिम रुपमा नगदै बुझाउदै जानु पर्नेछ । संझौता गर्दाको बखत नै प्रथम किस्ता वापतको रकम बुझाउनु पर्नेछ

७. सिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटीको म्याद वाहेक ७ दिन भित्र कुल कवोल अंकको पहिलो किस्ता बुझाएको रकम कट्टा गरी बाँकी हुन आउने रकमको नगद वा रीतपूर्वकको मान्यता प्राप्त बैकको कम्तीमा २०७४ आषाढ मसान्तसम्म मान्य अवधी भएको बैक ग्यारेन्टी {फरफरमेन्स बण्ड} र पहिलो किस्ता वापतको बुझाउनु पर्ने रकम नगद वा बैक भौचर लिई तोकिएको समयभित्र कबुलियत गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी रकम जफत गरी दोस्रो बढी कवोल गर्ने बोलपत्रदातालाई कबुलियत गराउन सकिनेछ ।

८. नेपाल सरकार वा स्थानीय निकायलाई बुझाउनु पर्ने कर वा अन्य दस्तुर ठेकेदारले नै प्रचलित ऐन नियमानुसार सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । प्रचलित ऐन नियम वमोजिमको अग्रिम आयकर रकम किस्ता संगै समावेश गरी बुझाउनु पर्नेछ । यसरी बूझाईने करको रकम ठेक्का रकमवाट कटाउन पाइने छैन ।

९. ठेक्का अवधी २०७३ साल पौष ०१ गते देखी २०७४ आषाढ मसान्तसम्म हुने गरी कार्यादेश दिईनेछ ।

१०. ठेक्का अवधि समाप्त भएपछि कर कार्यालयको कर क्लियरेन्स फुकुवा पत्र प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

११. ठेकेदारले संझौता तथा सूचनाको शर्त उलंघन गरेमा नगरपालिकाले पूर्व सूचना विना पनि ठेक्का तोडी अर्को ब्यबस्था गर्न सक्नेछ । सोवाट पर्न गएको हानी नोक्सानी ठेकेदारवाट प्रचलित ऐन, नियमानुसार असुल उपर गरी लिईनेछ ।

१२.नेपाल सरकार र नगरपालिकाले समय समयमा दिएको आदेश तथा निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्नेछ । ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१३. महालक्ष्मी नगरपालिका क्षेत्र भित्र मात्र उल्लेखित बस्तुहरुमा मात्र बिज्ञापन कर असुल उपर गर्नुपर्नेछ ।

१४. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

१५. म्याद नाघी वा रीत नपुगेको वा शर्त राखी वा सूचनाको शर्त विपरीत वा सिलबन्दी बोलपत्रदाताको दस्तखत र छाप नलागी आएको बोलपत्र उपर कुनै कार्वाही गरीने छैन

१६. यो सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१७. यो सूचनामा पेश गर्नु पर्ने भनिएका प्रमाण कागजातहरु टेण्डर साथ संलग्न नभएमा रित पूर्वकको मानिने छैन ।

१८. सूचना सम्बन्धी अन्य कुराहरु बझ्नु परेमा नगरपालिकाको कार्यालय, ललितपुरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१९.सिलबन्दी बोलपत्र दाखिला गर्दा अंक र अक्षर दुवै स्पष्टसंग लेखीएको हुनुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा वा सच्याइएमा केरमेट भएको ठाँउमा सहीछाप गर्नुपर्नेछ ।

२०. माथि उल्लेखित शर्त नं २ मा तोकिए वमोजिमको स्थानमा दर्ता नगरी हुलाकवाट पठाइउको वा फ्याक्स गरिएको वा इमेलवाट पठाइएको वा अन्यत्र दर्ता गरिएको टेण्डर फारम वाहेक अन्य कागजातमा अंक उल्लेख गरी प्राप्त हुन आएको निबेदन वा कागजातहरु स्वीकार्य हुने छैन ।

२१. ठेक्का स्वीकृत भए पश्चात कवोल रकमको नियमानुसार लाग्ने कर ठेकेदारले नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

**कर उठाउन तोकिएको दर रेट**

## तपशिलः

| ठेक्का नं | कर उठाउन तोकिएको राजश्व शिर्षक | इकाई | कायम दर | | न्यूनतम ठेक अंक भ्याट बाहेक | न्यूनतम ठेक अक्षरमा भ्याट वाहेक – | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पटके | वार्षिक | | | |
| १/०७३/७४ | क.होर्डिङ्ग बोर्ड, नियोन साइन, ग्लो साइन बोर्ड, डिपिइस बोर्ड तथा अन्य ठूला बिद्युतिय बोर्डहरु ३×५ फिट | एकमुष्ठ | - | रु.५००/- | २ लाख | अक्षरुपी दुई लाख मात्र । | |
| | ख. क.होर्डिङ्ग बोर्ड, नियोन साइन, ग्लो साइन बोर्ड, डिपिइस बोर्ड तथा अन्य ठूला बिद्युतिय बोर्डहरु ३×५ फिट भन्दा माथिको | एकमुष्ठ | - | रु.७००/- | | | |
| | भित्ते लेखन | प्रति वर्ग फिट | २०/- | ५०/- | | | |
| | तुल ब्यानर | प्रति गोटा | २०/- | - | | | |

प्रमुख एंव कार्यकारी अधिकृत